# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ६ मितिः २०८२/०३/३१

भाग — १

## देवघाट गाउँपालिकाको स्थानीय वन ऐन, २०८२

# देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको स्थानीय वन ऐन, २०८२

गाउँ सभाबाट स्वीकृत मिति: २०८२/०३/२०

प्रमाणीकरण र प्रकाशन मिति: २०८२/०३/३१

**प्रस्तावनाः**

देवघाट गाउँपालिकाको क्षेत्रभित्र रहेको वनक्षेत्रलाई सामुदायिक वन लगायत समुदायमा आधारित वन, धार्मिक वन, कबुलियति वन र निजी वनका माध्यमबाट दिगो व्यवस्थापन गरी वन माथिको सामुदायिक तथा निजी अधिकारको सुनिश्चितता, जलवायु परिवर्तन न्यूनीकरण एवं अनुकूलन, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्द्धन र पर्यापर्यटन एवं वन उद्यमको विकास गर्दै वन पैदावारको सदुपयोग र सो बाट प्राप्त लाभको न्यायोचित बाँडफाँड गर्दै दिगो विकास, सामाजिक तथा आर्थिक समृद्धि र लैङ्गिक तथा समतामूलक सामाजिक न्याय हासिल गर्न वान्छनीय भएकोले, नेपालको संविधानको अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वन सम्बन्धी अधिकार कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ बमोजिम देवघाट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## अनुच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भिकः** (१) यस ऐनको नाम "देवघाट गाउँपालिकाको स्थानीय वन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई देवघाट गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः**

(क) ‘‘उपभोक्ता समूह" भन्नाले वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र सदुपयोग गर्नका लागि दफा १२ बमोजिम गठन भई दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूहलाई जनाउँदछ।

(ख) "कबुलियती वन" भन्नाले दफा २६ बमोजिम व्यवस्थापन गरिने वनलाई जनाउँदछ।

(ग) “गैरकाष्ठ वन पैदावार" भन्नाले वनमा रहेका वा वनमा भएका वा वन बाहिर रहेका रुखहरुबाट काठ र दाउरा बाहेकका जडीवुटी तथा अन्य सबै जैविक उत्पत्तिका सामग्रीलाई जनाउँछ।

(घ) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरन्जन, प्रजनन, वंशाणु श्रोत संरक्षण, अध्ययन अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तु प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थानलाई जनाउँछ।

(ङ) “जैविक मार्ग" भन्नाले वन्यजन्तुहरु एक वासस्थानबाट अर्को वासस्थानमा आवत जावत गर्ने क्षेत्र वा वन जंगल वा वन क्षेत्रलाई जनाउँछ।

(च) "टाँचा" भन्नाले काठ वा खडा रहेका रूखहरुमा लगाइने छाप, चिन्ह वा निशानाहरुलाई जनाउँदछ।

(छ) "धार्मिक वन" भन्नाले दफा २७ बमोजिम संरक्षण तथा व्यवस्थापन गरिएको राष्ट्रिय वनलाई जनाउँदछ।

(ज) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वनलाई जनाउछ र सो शब्दले परिवारको निजी जग्गामा रहेको पारिवारिक निजी वन समेतलाई जनाउनेछ।

(झ) "राष्ट्रिय वन" भन्नाले यस गाउँपालिकाको क्षेत्रभित्र रहेका सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, कबुलियति वन र धार्मिक वन समेतलाई जनाउँछ।

(ञ) “वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुखहरु वा बुट्यानले ढाकिएको क्षेत्रलाई जनाउछ।

(ट) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका वन पैदावारलाई जनाउँछ।

(१) काठजम्य वन उत्पादन

(२) जडीबुटी र गैरकाष्ठ वन पैदावार र

(३) चट्टान, ढुङ्गा, माटो, नदीजन्य र खनिजजन्य पदार्थ।

(ठ) "वन सिमाना चिन्ह" भन्नाले राष्ट्रिय वनको सिमाना छुट्टयाउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्वा वा चिन्हपटलाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा रहेको वन सिमाना चिन्ह समेतलाई जनाउनेछ जनाउनेछ।

(ड) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँस मैदान, खर्क, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, वगर, पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेतलाई जनाउँदछ।

(ढ) “व्यवस्थापन योजना" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र विक्री वितरण गर्न तयार गरिएको र यस ऐन एवं प्रचलित कानून बमोजिम स्वीकृत वन सम्बन्धी कार्य योजनालाई जनाउँदछ।

(१) कार्बन सेवा

(२) जैविक विविधताको संरक्षण

(३) जलाधार तथा जलचक्र प्रणाली

(४) पर्यापर्यटन

(५) वातावरणीय सेवा प्रदान गर्ने अन्य वस्तु, सेवा वा लाभ।

(ण) "वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण सम्वन्धी प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन समेतलाई जनाउँदछ।

(त) "समुदायमा आधारित जलवायु अनुकूलन" भन्नाले अनुकूलन योजना तर्जुमा सम्बन्धी प्रचलित मापदण्ड तथा कार्यविधिहरु र यस गाउँपालिकाको अनुकूलन योजनालाई समेत मध्यनजर गर्दै उपभोक्ता समूहले आफ्नो स्थानीय समुदायका लागि अनुकूलन योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यलाई जनाउँदछ।

(थ) "सामुदायिक वन" भन्नाले यस ऐन र वन सम्बन्धी प्रचलित संघीय र प्रदेश कानून बमोजिम उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको वनलाई जनाउँदछ।

(द) "सार्वजनिक जग्गा" भन्नाले भूमि र वन सम्बन्धी प्रचलित कानून बमोजिम परिभाषित गरिए अनुसार यस गाउँपालिकाको क्षेत्रमा पहिचान र सिमाङ्कन गरिएका सार्वजनिक जग्गालाई जनाउँदछ।

(ध) "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिकालाई जनाउँदछ।

(न) "अध्यक्ष" भन्नाले देवघाट गाउँपालिकाको गाउँ प्रमुखलाई जनाउँदछ।

(प) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकारलाई सम्झनुपर्दछ।

## अनुच्छेद-२
## वनको सीमा निर्धारण, भु-उपयोग र वन क्षेत्रमा विकास आयोजना सञ्चालन सम्बन्धी व्यवस्था

**३. वनको सीमा निर्धारणः** (१) वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले यस गाउँपालिकामा कार्यपालिकासँग समन्वय र छलफल गरी सामुदायिक वन उपभोक्ता समूहका साथै आवश्यकता अनुसार वन सिमानामा रहेको निजी जग्गावालाहरुलाई समेत सहभागी गराई राष्ट्रिय वनको सिमाना निर्धारण गरी वन सिमाना चिन्ह लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन सिमाना निर्धारण गरी तयार गरिएको नक्शामा यस गाउँपालिकाको अध्यक्षले प्रमाणित गरी सोको एक प्रति यस गाउँपालिकामा र एक प्रति प्रदेश सरकारको वन सम्बन्धी कार्यालयमा अभिलेख राखु पर्नेछ।

**४. वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्नेः** (१) दफा ३ बमोजिम वनको सिमाना कायम गर्दा वन संरक्षणको दृष्टिकोणले आवश्यक भएमा वनको सिमानासँग जोडिएका

सार्वजनिक जग्गा वा निजी जग्गा वा त्यस्तो जग्गामा रहेको कुनै भौतिक संरचनाहकरु समेत संघीय र प्रदेश कानून बमोजिम वनको सिमाना भित्र पारी वन सिमाना कायम गर्न सकिने छ।

(२) उपदफा (१) बमोजिम घर जग्गा समेत वन सिमाना भित्र पार्नु पर्ने भएमा घर जग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्बन्धी व्यवस्था वनसम्बन्धी संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ।

(३) वन सिमाना भित्र परेको निजी जग्गाको वन सम्बन्धी संघीय तथा प्रदेश कानून बमोजिम लगत कट्टा गर्नु पर्नेछ।

(४) राष्ट्रिय वनमा परेको निजी जग्गाको लगत कट्टा गरिएमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालय र मालपोत कार्यालयले सोको जनकारी यस गाउँपालिका समक्ष दिनुपर्नेछ र यस गाउँपालिकाले सोही बमोजिम निजी जग्गाको भूमि कर सम्बन्धी लगत कट्टा गर्नु पर्नेछ।

**५. वन सम्बन्धी जग्गाको स्वामित्वः** (१) यस गाउँपालिकाको क्षेत्र भित्र रहेको वन माथिको भू-स्वामित्व सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) यस गाउँपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरु माथिको भू-स्वामित्व प्रचालित कानून बमोजिम हुनेछ।

(ख) यस गाउँपालिकामा राष्ट्रिय वनको रुपमा रहेका वन क्षेत्रका जग्गामाथिको भू-स्वामित्व वन सम्वन्धी प्रचलित संघीय तथा प्रदेश कानून वमोजिम नेपाल सरकारमा रहनेछ।

(२) प्रथाजनित रुपमा संरक्षण र व्यवस्थापन हुँदै आएका वनहरुमा परम्परागत रुपमा स्थापित सम्बन्धित प्रथाजनित संस्थाको अधिकार सुनिश्चित गरेर मात्र अन्य समुदायलाई समावेश गराई त्यस्ता वनलाई संरक्षण र व्यवस्थापन गरिनेछ।

(३) नेपाल सरकारले यस गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको भू-उपयोग परिवर्तन, भोगाधिकार प्रदान वा अन्य कुनै किसिमले कसैलाई हक हस्तान्तरण गर्ने निर्णय

गर्नुपूर्व यस गाउँपालिकाको कार्यपालिका, सम्बन्धित वन उपभोक्ता समूह र कुनै त्यस्तै प्रकृतिको संस्था भएमा सोको समेत समन्वयमा गर्नुपर्नेछ।

**६. वन व्यवस्थापन प्रणालीः** (१) यस गाउँपालिकामा रहेको राष्ट्रिय वनलाई सामुदायिक वन र आवश्यकता अनुसार समुदायमा आधारित अन्य वन वा प्रथाजनित वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ।

(२) विभिन्न किसिमका वन व्यवस्थापन प्रणालीहरु मध्ये वन विज्ञानमा आधारित सामुदायिक वन सम्वर्द्धन प्रणालीको व्यवस्थापन अवलम्बन गरिनेछ।

(३) यस गाउँपालिकाको सार्वजनिक जग्गामा रहेको वनलाई सामुदायिक वनको रुपमा विकास र व्यवस्थापन गर्न सकिनेछ। उपभोक्ता समूहले सार्वजनिक जग्गामा रहेको वन व्यवस्थापन नगरेमा गाउँपालिका आँफैले वा कुनै संघ संस्थाको माध्यमबाट व्यवस्थापन गर्न गराउन सक्नेछ।

**७. भू-उपयोग योजना र वन क्षेत्रको भू-उपयोग परिवर्तनः** (१) यस गाउँपालिका वा अन्य सम्बन्धित निकायले भू-उपयोग योजना तर्जुमा गर्दा यस गाउँपालिकामा रहेको राष्ट्रिय वनलाई वन क्षेत्रको रुपमा नै कायम गर्नुपर्नेछ।

(२) यस गाउँपालिकाको क्षेत्रभित्र रहेका कुनै पनि वनहरुमा कुनै किसिमको बसोबास वा पूनर्वास गर्ने गराइने छैन। तर प्राकृतिक प्रकोप पिडित घरधुरीहरुलाई प्रकोप व्यवस्थापन गर्न लाग्ने अवधीभर वनको कुनै क्षेत्रमा वन विनास नहुने गरी सम्बन्धित निकाय संगको समन्वयमा अस्थायी बसोवास गराउन सकिने छ।

(३) नेपालको संविधान बमोजिम भूमिहिन दलित र भूमिहिन सुकुम्वासीलाई रूख विरुवा नभएको कुनै क्षेत्रको जग्गा उपलब्ध गराउनु पर्ने भएमा भूमि सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्न सक्नेछ।

(४) वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्नुपर्ने भएमा सम्बन्धित उपभोक्ता समूहको सहमति लिई सम्बन्धित निकायबाट अनुमति प्राप्त भएमा मात्र वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्न पाइनेछ।

**८. वन क्षेत्रमा विकास आयोजना सञ्चालनः** (१) वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र वन क्षेत्रको पूनर्स्थापना गर्ने सम्बन्धी व्यवस्थाहरु प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(२) राष्ट्रिय प्राथामिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना बाहेक अन्य आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन। तर यस गाउँपालिकाले आफ्ना स्थानीय विकास आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा प्रभावित स्थानीय समुदायसँगको सहमतिमा वन सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिमको प्रक्रिया अवलम्वन गरी निश्चित वन क्षेत्र प्रयोग गर्न सक्नेछ।

(३) यस गाउँपालिकाको नक्शामा वन क्षेत्रको रुपमा रहेको तर वन कायम नरही विभिन्न किसिमका सार्वजनिक प्रयोजनका लागि उक्त वन क्षेत्रको जग्गा उपयोग भइरहेको अवस्था रहेमा उक्त वन क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि उपयोग गरी सो वन क्षेत्रको जग्गा बराबर उपयुक्त जग्गामा वन क्षेत्रको विकास गर्न सकिनेछ।

**९. वन क्षेत्र प्रयोग गर्दा क्षतिपूर्ति दिनुपर्नेः** (१) कुनै पनि प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा सो बाट प्रभावित हुने उपभोक्ता समूह र प्रथाजनित संस्थाहरु लाई पूर्व जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन क्षेत्र प्रयोग गर्दा कुनै प्रभाव पर्ने भएमा सम्बन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ।

(३) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना र अन्य कुनै पनि विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका वन पैदावार सम्बन्धित

उपभोक्ता समूहलाई उपलब्ध गराई उक्त वन पैदावार कटान, संकलन, ओसार पसार र घाटगद्दी गर्दा लाग्ने खर्च सम्बन्धित विकास आयोजनाले व्यहोर्नु पर्नेछ ।

**१०. वन क्षेत्रमा पर्ने नदीजन्य खनिज पदार्थको प्रयोगः** (१) यस गाउँपालिका अन्तर्गतको राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थको संकलन तथा प्रशोधन सम्बन्धी कार्य गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्वन गरी गाउँपालिकाले निर्धारण गरे बमोजिमको स्थानीय कर भुक्तानी गरे पश्चात मात्र उत्खनन गर्न पाइनेछ ।

(२) राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको सङ्कलन तथा प्रशोधन गर्दा नेपाल सरकार र प्रदेश सरकारको प्रचलित मापदण्डहरुका साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यस गाउँपालिकाले तर्जुमा गरेका मापदण्डहरु समेत पालना गर्नुपर्नेछ ।

(३) राष्ट्रिय वन क्षेत्रमा नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थका सर्वेक्षण तथा उत्खनन गर्दा खानी तथा खनिज पदार्थ, वन र वातावरण संरक्षण सम्बन्धी प्रचलित संघीय कानून बमोजिम गर्नुपर्नेछ ।

(४) गाउँपालिकाले राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको विक्री वितरणबाट प्राप्त रकममध्ये कम्तिमा १५ प्रतिशत रकम सम्बन्धित वन उपभोक्ता समूह सँगको समन्वयमा प्रभावित क्षेत्रको संरक्षण तथा विकासमा खर्च गर्नुपर्नेछ ।

(५) सामुदायिक वन क्षेत्रमा रहेको नदीजन्य (ढुङ्गा, गिट्टी, वालुवा) साधारण निर्माणमूखी पदार्थ सामुदायिक वनको समन्वयमा गाउँपालिकाले उत्खनन् गरी विक्रि वितरण गर्न सकिनेछ ।

**११. वन क्षेत्रमा वातावरणीय मापदण्डको पालनाः** (१) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भनी निर्धारण भएका

आयोजनाहरु गाउँपालिकामा रहेको वन क्षेत्रमा कार्यान्वयन गर्नुपूर्व उक्त प्रस्तावहरुका बारेमा वातावरणीय अध्ययन गरी सो सम्बन्धी प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(२) यस गाउँपालिकाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम आफैले स्वीकृत गर्न पाउने किसिमका वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा संक्षिप्त वातावरणीय अध्ययन कार्यविधिमा उल्लिखित मापदण्डको पालना गर्नुपर्नेछ ।

(३) वातावरणीय अध्ययन प्रतिवेदन तयारी र स्वीकृतीका क्रममा पालना गर्नुपर्ने सार्वजनिक सुनुवाई लगायतका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुच्छेद-३
## उपभोक्ता समूहको गठन

**१२. उपभोक्ता समूहको गठनः** (१) यस गाउँपालिकामा सामुदायिक हितका लागि सामुहिक रुपमा कुनै वन क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन गरी वन पैदावारको न्यायोचित उपयोग गर्न, सामाजिक र आर्थिक विकास गर्न एवं वन व्यवस्थापनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताहरुले यस ऐन र वन सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानूनमा निर्धारित प्रक्रिया अवलम्बन गरी यस गाउँपालिकासँगको समन्वयमा उपभोक्ता समुह गठन गर्न सक्नेछन् ।

(२) उपभोक्ता समुह गठन गर्दा परम्परागत रुपमा वन उपयोग गर्दै आएका उपभोक्ताहरु सहित सम्बन्धित सबै घरधुरीलाई सदस्यको रुपमा समावेश गर्नुपर्नेछ र उपभोक्ता समूहको विधानमा यसरी पहिचान गरिएका सबै घरधुरीबाट एक महिला वा एक पुरुषको नाम साधारण सदस्यको रुपमा समावेश गर्नुपर्नेछ ।

३) यस ऐन जारी हुनु पूर्व दर्ता भई सञ्चालनमा रहेका उपभोक्ता समूहहरुमा सदस्य हुन वञ्चित रहेका उपभोक्ताहरुले आफूलाई पायक पर्ने सम्बन्धित वडाको वन

उपभोक्ता समूहमा निवेदन दिनु पर्नेछ। सम्बन्धित उपभोक्ता समूहले यस्तो निवेदन परेको ३५ दिन भित्र सदस्यता दिई सो को जानकारी सम्बन्धित वडा र गाउँपालिकामा पठाउनु पर्नेछ।

(४) उपभोक्ता समूहको कार्य समितिको अवधी वढीमा ४ वर्षको हुनेछ र उपभोक्ता समूहको कार्यसमितिमा अध्यक्ष वा सचिव मध्ये एक जना महिला र उपाध्यक्ष वा कोषाध्यक्ष मध्ये एक जना महिला सहित लैङ्गिक समानताका साथै समाजिक समावेशीकरण कायम गर्नु पर्नेछ।

**१३. उपभोक्ता समूहको दर्ताः** (१) दफा १२ बमोजिम गठित उपभोक्ता समूहको दर्ताका लागि वडा कार्यालयको सिफारिस र वन सम्बन्धी प्रचलित कानून बमोजिमको ढाँचामा निर्धारित विधानसहित डिभिजन वन कार्यालयमा पेश गर्नु पर्ने छ।

(२) उपभोक्ता समूहको विधानमा समावेश गर्नुपर्ने विषय र उपभोक्ता समूहलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचाहरु वन सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

(३) दफा (१२) र यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन जारी हुनु पूर्व वन सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भइसकेका उपभोक्ता समूहहरु पूनः दर्ता हुनु पर्ने छैन।

**१४. उपभोक्ता समूह संगठित संस्था हुनेः** (१) दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूह एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित, संगठित र सामुदायिक प्रकृतिको सामाजिक संस्था हुनेछ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच विखन गर्न वा आवश्यक व्यवस्थापन गर्न सक्नेछ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नाममा नालिस उजुर लाग्न सक्नेछ ।

**१५. उपभोक्ता समूहको कोषः** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहायका रकमहरु जम्मा गरिनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको विक्री वितरणबाट प्राप्त रकम,

(घ) दण्ड जरिवानाबाट प्राप्त रकम,

(ङ) प्रचलित कानून बमोजिम अन्य कुनै श्रोतबाट प्राप्त रकम

(२) साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रमका लागि उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(३) उपभोक्ता समूहले कोषको सञ्चालनका लागि गाउँपालिकाले समय समयमा दिएको राय सुझावहरुलाई समेत मध्यनजर गरी समूहले कोष परिचालन मार्गदर्शन तर्जुमा गर्नुपर्नेछ ।

**१६. उपभोक्ता समूहको विवरण र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेः** (१) प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले यस गाउँपालिका अन्तर्गत पर्ने सबै वन उपभोक्ता समूहको दर्ता विवरण सहितको प्रमाणपत्र, स्वीकृत विधान, वन हस्तान्तरणको प्रमाणपत्र र वन व्यवस्थापन कार्ययोजनाको प्रतिलिपी वार्षिक लेखापरिक्षण प्रतिवेदन गाउँपालिकालाई यो ऐन प्रारम्भ भएको मितिले एक महिना भित्र उपलब्ध गराउनु पर्नेछ र गाउँपालिकाले सोको अद्यावधिक अभिलेख कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकामा अभिलेख अद्यावधिक भएका उपभोक्ता समूहलाई गाउँपालिकाले यस ऐन बमोजिम नियमन, सहजीकरण र अनुगमन गर्न सक्नेछ ।

(३) उपभोक्ता समूहको विधानमा निर्धारित प्रक्रिया बमोजिम उपभोक्ता समूहले प्रत्येक वर्ष साधारण सभाको आयोजना गरी आफ्नो वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गरी सोको विवरण गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ।

(४) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सामुदायिक वनमा गरिएका क्रियाकलाप, उपलब्धी र वर्तमान अवस्थाको विवरण सहितको वार्षिक प्रतिवेदनको एक प्रति गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा गाउँपालिकाले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ।

(६) गाउँपालिकाले उपभोक्ता समूहको आवश्यकता र कार्यसम्पादन प्रगतिका आधारमा वन सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि अनुदान तथा सहयोग उपलब्ध गराउन सक्नेछ ।

## अनुच्छेद-४
## सामुदायिक वन व्यवस्थापन सम्बन्धी व्यवस्था

**१७. सामुदायिक वन हस्तान्तरणः** (१) गाउँपालिकाले सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न बाँकी रहेका वन क्षेत्रहरु पहिचान गरी सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न प्राथमिकता दिनेछ ।

(२) दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूहको चाहना र आवश्यकताको आधारमा सामुदायिक वन व्यवस्थापनलाई दिगो र प्रभावकारी वनाउने गरी सामुदायिक वनको कार्ययोजना तयार वा संशोधन तथा परिमार्जन गर्नका लागि गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना तयार वा संशोधन गर्दा उक्त कार्ययोजना गाउँपालिकामा पेश गरी प्राप्त सुझाव/परामर्शका आधारमा वन व्यवस्थापन कार्ययोजना तर्जुमा वा आवश्यकता अनुसार संशोधन गर्नुपर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनका लागि वन व्यवस्थापन कार्ययोजना प्राप्त भएको ७ दिन भित्र गाउँपालिकाले आवश्यक सुझाव दिनु पर्नेछ।

(५) उपभोक्ता समूहले दफा (२) र (३) बमोजिम तर्जुमा गरेको कार्ययोजना बमोजिम सामुदायिक वनको विकास, संरक्षण, उपयोग एवं व्यवस्थापन र वन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण समेत गर्न पाउने गरी गाउँपालिकामा रहेको राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा वन व्यवस्थापन कार्ययोजना र गाउँपालिकाको सिफारिस सहित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश गर्नुपर्ने वन व्यवस्थापन कार्ययोजना सम्बन्धित वन अधिकृतबाट स्वीकृत गरी उपभोक्ता समूहलाई सामुदायिक वन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र प्रदान गरेको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ।

(७) सामुदायिक वनको कार्ययोजना प्रत्येक पटक सामान्यतया दश वर्षका लागि तर्जुमा गर्न सकिनेछ र गाउँपालिकाको सुझाव तथा परामर्श बमोजिम आवश्यकता अनुसार समय समयमा संशोधन तथा परिमार्जन गर्न सकिने छ।

(८) उपदफा (७) बमोजिम उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकुल असर पर्ने देखिएमा सम्बन्धित वन अधिकृतले संशोधित कार्ययोजना प्राप्त भएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो संशोधित कार्ययोजना लागु नगर्न निर्देशन दिई सोको जानकारी गाउँपालिकामा समेत दिनु पर्नेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वन सम्बन्धी प्रचलित कानून बमोजिम एक पटक हस्तान्तरण भएको वन पूनःहस्तान्तरण गर्नुपर्ने छैन।

**१८. सामुदायिक वनमा विपन्न वर्गका लागि कबुलियती वन दिन सकिनेः** (१) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहभित्र पहिचान गरेका गरिबीको रेखामुनी रहेका विपन्न घरधुरीहरुलाई सामुहिक वा एकल रुपमा वन पैदावारमा आधारित आय

आर्जनका कार्यक्रम गर्नका लागि आफ्नो सामुदायिक वनको कुनै भाग बढीमा १५(पन्ध्र) वर्षका लागि सम्झौता गरी उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउने स्वीकृति सम्बन्धी व्यवस्थाहरु स्वीकृत वन व्यवस्थापन कार्ययोजना र उपभोक्ता समूहको कार्य समिति एवं कबुलियती वन लिन चाहने विपन्न समूह तथा परिवार बीच हुने सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।

**१९. वन पैदावारको मूल्य निर्धारणः** (१) उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वन व्यवस्थापन गर्दा प्राप्त भएका वन पैदावारको साधारण सभाको निर्णय बमोजिम स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्नेछन। तर उपभोक्ता समूहले आफ्नो वन पैदावार समूह बाहिर व्यवसायिक प्रयोजनका लागि विक्री गर्ने भएमा उक्त वन पैदावारको मूल्य निर्धारण गर्दा वन सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानूनमा निर्धारित मूल्य दरमा नघटने गरी न्यूनतम मूल्य कायम गर्नुपर्नेछ।

(२) उपभोक्ता समूहले उपदफा (१) बमोजिम निर्धारण गरेको वन पैदावारको मूल्य दरको विवरण गाउँपालिका र वन सम्बन्धी कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

(३) उपभोक्ता समूहले वन पैदावारको मूल्य निर्धारणका सम्बन्धमा गरेको निर्णय वा वन पैदावारका मूल्यको बारेमा गाउँपालिकाले उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ।

**२०. सामुदायिक वनको काठ संकलन र विक्री वितरणः** (१) सामुदायिक वनबाट व्यापारिक प्रयोजनका लागि विक्री वितरण गरिने काठको रूख छपान, कटान, ओसार पसार श्रमिकहरुको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र आव्हान, विक्री, टाँचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राविधिक मापदण्डहरु वन सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछन्।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा गाउँपालिका वा प्रदेश सरकारको वन सम्बन्धी कार्यालय वा उपभोक्ता समूहको आफ्नै प्राविधिक कर्मचारीको सहयोगका आधारमा उपभोक्ता समूहले स्थानीय परिवेश अनुसार आवश्यक कार्यविधि वा प्रक्रियाहरु अबलम्बन गर्न सक्नेछन्।

(३) वाह्य लिलाम विक्रि गर्ने वन पैदावरको लागि गाउँपालिकाको सहमति समेत लिनु पर्नेछ।

**२१. वन पैदावार विक्री वितरणको वार्षिक योजना जानकारी गराउनेः** (१) उपभोक्ता समूहले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र आर्थिक विवरण र वनको स्थिति समेत खुलेको आफ्नो क्रियाकलापको वार्षिक प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ।

**२२. वन उत्पादन बिक्री शुल्कः** दफा २१ बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको विक्री वापत प्राप्त हुने रकम समूहको खातामा जम्मा भएको मितिले १५ दिन भित्र सोको १० प्रतिशत रकम यस गाउँपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ। यस्तो कर संघीय सरकार वा प्रदेश सरकारले निर्धारण गरेको कर सँग दोहोरो नपर्ने गरी मात्र भुक्तानी गर्न सक्नेछ।

**२३. सामुदायिक वनबाट प्राप्त लाभको सदुपयोगः** (१) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार विक्री वितरण गरी प्राप्त गरेको रकम मध्ये दफा २२ बमोजिम कुल प्राप्त रकमको १० प्रतिशत गाउँपालिकालाई बुझाइ बाँकी हुन आएको आय रकमको कम्तिमा चालिस प्रतिशत रकम सामुदायिक वनको दिगो व्यवस्थापमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम मध्येबाट कम्तिमा पचास प्रतिशत रकम गाउँपालिकासँग समन्वय गरी गरिवी न्यूनीकरण, वन उद्यमको विकास र महिलाको आयआर्जन एंव सशक्तिकरण सम्बन्धी कार्यक्रमका लागि खर्च गर्नु पर्नेछ।

(३) उपदफा (२) को प्रयोजनका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभामा पेश गर्नका लागि तर्जुमा गरेका वार्षिक कार्यक्रमको विवरण साधारण सभा हुनुभन्दा कम्तिमा ७ दिन अगाडी गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ र गाउँपालिकाले उक्त कार्यक्रममा कुनै सुधार गर्नुपर्ने देखेमा उपभोक्ता समूहको वार्षिक कार्यक्रममा सुधारका लागि सुझाव दिन सक्नेछ।

(४) उपभोक्ता समूह र गाउँपालिकाले सयुंक्त रुपमा सामुदायिक वन व्यवस्थापन, वन उद्यम विकास र महिला सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने गरी योजना बनाउन सकिनेछ।

(५) स्थानीय समुदायमा गर्नुपर्ने सामुदायिक विकासका कार्यहरु गर्दा उपभोक्ता समूह र गाउँपालिका बीच सहकार्य गरी सामुदायिक विकासका कार्यहरु गर्न सकिनेछ।

(६) उपदफा (२) बमोजिम खर्च गरी बाँकी रहेको रकम सामुदायिक विकासका कार्यक्रम, उपभोक्ता समूहको हित हुने अन्य कार्य र उपभोक्ता समूहको प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ। प्रशासनिक कार्यका लागि उपभोक्ता समूहको वार्षिक आम्दानीको आधारमा देहाय अनुसारको रकम खर्च गर्न सकिनेछ।

क. रु १० लाख सम्मको आम्दानीमा - २०%
ख. रु. १० लाख देखि २० लाख सम्मको आम्दानीमा - १५%
ग. रु. २० लाख देखि ५० लाख सम्मको आम्दानीमा - १२%
घ. रु. ५० लाख देखि माथि आम्दानीमा - १०%

(७) उपदफा (६) मा तोकिए भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्नुपर्ने भएमा उपभोक्ता समितिको साधारण सभावाट सहमति लिनुपर्नेछ।

**२४. वन व्यवस्थापन कार्ययोजना विपरित काम गर्नेलाई हुने सजायः** (१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विषरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले जरिवाना गर्न सक्नेछ र त्यस्तो कामवाट कुनै हानि नोक्सानी भएकोमा विगो वरावरको रकम क्षतिपूर्तिको रुपमा असुल उपर गर्न सक्नेछ।

(२) सामुदायिक वनको कार्ययोजना विपरितको कार्य गर्ने व्यक्तिलाई उपभोक्ता समूह आँफैले कारवाही गर्न नसकेमा निजलाई कारवाही गर्नका लागि उपभोक्ता समूहले गाउँपालिकामा रहेको न्यायिक समिति वा प्रदेश सरकारको वन सम्बन्धी कार्यालय समक्ष निवेदन गर्न सक्नेछ।

(३) उपभोक्ता समूहमा सदस्य भन्दा बाहिरको कुनै व्यक्तिले सामुदायिक वनमा हानी नोक्सानी गरेमा निजलाई राष्ट्रिय वनमा गरेको कसुर बमोजिमको सजाय गर्नका लागि उपभोक्ता समूहले प्रदेश सरकारको वन सम्बन्धी कार्यालय समक्ष निवेदन गर्न सक्नेछ र निजलाई वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिमको सजाय हुनेछ।

(४) उपदफा (२) र (३) बमोजिम न्यायिक समिति र प्रदेश सरकारको वन सम्बन्धी कार्यालय समक्ष निवेदन परेमा कसुरको प्रकृति अनुसार न्यायिक समिति र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आ-आफ्नो क्षेत्राधिकार भित्र पर्ने विषयमा छानविन गरी प्रचलित कानून बमोजिमको जरिवाना वा दण्ड सजाय गर्न सक्नेछ।

**२५. सामुदायिक वनको विवाद व्यवस्थापनः** (१) सामुदायिक वनका विषयमा सिर्जना हुने विवाद समाधानका लागि गाउँपालिकाले सहजीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाको समन्वयमा गाउँपालिका सहित, प्रदेश सरकारको वन सम्बन्धी कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल र सरोकारवालको प्रतिनिधित्व हुने गरी विवाद समाधान संयन्त्र स्थापना गर्न सकिनेछ।

## अनुच्छेद-५
## कबुलियती वन, धार्मिक तथा सांस्कृतिक वनसम्बन्धी व्यवस्था

**२६ . कबुलियती वन हस्तान्तरण गर्न सक्नेः** (१) गाउँपालिकाको वडा कार्यालयले गरिबीको रेखामुनिका परिवार भनि पहिचान गरेका परिवारहरुको समूहलाई गरिवी न्यूनीकरणका लागि कबुलियती वन हस्तान्तरण गर्न प्रदेश सरकारको वन सम्बन्धी कार्यालय समक्ष सिफारिस गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिमको सिफारिसका आधारमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले गरिबीको रेखामुनीका परिवारको कबुलियती वन उपभोक्ता समूह गठन गर्न र कबुलियती वनको कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालनका लागि उक्त समूहलाई कबुलियती वनको रुपमा वनक्षेत्र उपलब्ध गराउन सक्नेछ।

(३) प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले उपदफा (२) बमोजिमको कबुलियती वनको विवरण यस गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ र सोही आधारमा यस गाउँपालिकाले कबुलियती वन उपभोक्ता समुहलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) कबुलियती वन उपभोक्ता समूह सम्बन्धी अन्य व्यवस्था वन सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

**२७. धार्मिक तथा सांस्कृतिक महत्वका वनहरुको संरक्षणः** (१) गाउँपालिका क्षेत्रमा धार्मिक तथा सांस्कृतिक महत्वका वनहरु रहेमा सोको संरक्षण र सदुपयोगका लागि धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन गर्न सकिनेछ ।

(२) धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन र दर्ता गर्दा दफा १२ र १३ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(३) सम्बन्धित धार्मिक तथा सांस्कृतिक समुदायले आफ्नो धर्म संस्कृतिसंग सम्बन्धित वन संरक्षण गर्न चाहेमा त्यस्तो वन सोही धार्मिक तथा सांस्कृतिक समूह वा समुदायलाई हस्तान्तरण गर्नुपर्नेछ।

(४) धार्मिक तथा सांस्कृतिक वनको व्यवस्थापन कार्ययोजना तर्जुमाका लागि सम्बन्धित वडा कार्यालयसंगको समन्वयमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) धार्मिक वनमा विकास आयोजना सञ्चालन गर्दा काटिएका रूखहरु गाउँपालिकाको समन्वय र सहमतिमा सम्बन्धित धार्मिक तथा सांस्कृतिक समूहले विक्री वितिरण गर्न सक्नेछ।

## अनुच्छेद-६
## वनमा आधारित उद्यम विकास, पर्यापर्यटन र वातावरणीय सेवा सम्बन्धी व्यवस्था

**२८. वन उद्यमको विकास गर्न सक्नेः** (१) गाउँपालिका क्षेत्रमा रहेका वन उपभोक्ता समुहले उद्योग र वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमका मापदण्डहरुको पालना गरी गाउँपालिका संग अनुमति लिई वन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्नेछन्।

(२) गाउँपालिका क्षेत्रमा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनवाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्नेछन्।

(३) सार्वजनिक निजी सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ र यसका लागि यस ऐन र वन सम्बन्धी प्रचलित कानून विपरित नहुने गरी उपभोक्ता समूहहरुले यस गाउँपालिका, विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सम्झौता गर्न सक्नेछन्।

(४) उपभोक्ता समूहले अन्य पक्षसँग साझेदारी गरी वन उद्यम सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले वनको उच्चतम उपयोगको लागि वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा यस गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध समेत गराउन सक्नेछ।

**द्रष्टव्यः** यस दफाको प्रयोजनका लागि वन उद्यम भन्नाले वन सँग सम्बन्धित लघु उद्यम, घरेलु उद्योग र वन सहकारी संस्थालाई जनाउनेछ।

**२९. पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी आफ्नो वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछन।

(२) वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएको क्षेत्रभन्दा बढी वन क्षेत्र प्रयोग गर्न पाइने छैन।

(३) वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) वनमा आधारित पर्यापर्यटनका लागि उपभोक्ता समूहले यस गाउँपालिका वा विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ र उपभोक्ता समूहले यसरी अन्य पक्षसँग साझेदारी गरी पर्यापर्यटन कार्य सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सहकार्य गर्दा यस ऐन र वनसम्बन्धी प्रचलित कानून विपरित नहुने गरी आपसी सम्झौता गरी पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गरेको कुनै पर्यापर्यटन क्षेत्रमा स्वदेशी वा विदेशी व्यक्ति र यातायातका साधन प्रवेश गर्दा साधारण सभाको निर्णय

बमोजिमको प्रवेश शुल्क संकलन गर्न सक्नेछ। तर उपभोक्ता समूहका सदस्यहरुसँग यस्तो प्रवेश शुल्क लिन पाइने छैन।

(७) सामुदायिक वनमा सञ्चालित पर्यापर्यटन कार्यक्रमवाट प्राप्त आम्दानी मध्ये कम्तीमा पच्चिस प्रतिशत रकम पर्यापर्यटन प्रवर्द्धन र कम्तिमा पचास प्रतिशत रकम महिला र विपन्न वर्गका लागि आय आर्जनका क्रियाकलापहरु सञ्चालन गर्न अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ।

**३०. सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्ः** (१) सामुदायिक वन उपभोक्ता समूहले आँफै वा अन्य विभिन्न पक्षसँगको सहकार्यमा वन्यजन्तु पालन तथा प्रजनन सम्बन्धी योजना तर्जुमा गरी सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्दार केन्द्र स्थापना तथा सञ्चालन र वन्यजन्तु पालन तथा प्रजनन सम्बन्धी कार्यहरु गर्न सक्नेछन्।

(२) वन्यजन्तु पालन तथा प्रजनन् पश्चात गरिने विक्री वितरणका लागि प्रदान गरिने इजाजत सम्बन्धी मापदण्डहरु प्रचलित कानून बमोजिम हुनेछ।

(३) सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्न चाहने उपभोक्ता समूहलाई गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

**३१. सामुदायिक घरबास (होम स्टे):** (१) पर्यापर्यटन प्रवर्द्धन गर्नेगरी होम स्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदायले गाउँपालिकामा सामुदायिक होम स्टे दर्ता गरी सञ्चालन गर्न सक्नेछन्।

(२) सामुदायिक होम स्टे सञ्चालन सम्बन्धी कार्यविधिहरुको पालना गरी सञ्चालित सामुदायिक होम स्टेलाई स्वीकृत योजना अनुसार गाउँपालिकाबाट आवश्यक अनुदान एंव सहयोग उपलब्ध गराउन सकिनेछ।

**३२. जलाधार संरक्षणः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका जलाधारहरुको पहिचान गरी नक्शासहितको विवरण राखु पर्नेछ।

(२) गाउँपालिकामा रहेका जलाधारहरुको सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट संरक्षणसम्बन्धी कार्यहरु गरिने छ ।

(३) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा आर्थिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) को प्रयोजनका लागि जलाधार संरक्षण गर्ने उपभोक्ता समूह र जलाधार संरक्षणबाट फाईदा पाउने पक्षका बीच आवश्यक सम्झौता गर्न सकिनेछ ।

**३३. जैविक मार्गको व्यवस्थापनः** (१) गाउँपालिकामा बन्यजन्तु र चाराचुरुङ्गीहरुको आवत जावत गर्ने जैविक मार्गको रुपमा रहेका वन क्षेत्रहरुको संरक्षण, व्यवस्थापन र सदुपयोग सामुदायिक वनका माध्यमबाट गरिनेछ ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि उपभोक्ता समुहलाई यस गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक तथा आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) जैविक मार्गमा पर्ने वन क्षेत्रमा आश्रित समुदायलाई जैविक मार्गको वन पैदावार उपयोग गर्नबाट बञ्चित गरिने छैन।

(४) जैत्रिक मार्गमा वन्यजन्तुको प्रभावबाट सुरक्षित रहनका लागि उपभोक्ता समूहहरु र यस गाउँपालिकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपायहरु अवलम्बन गर्न र गराउन सक्नेछ ।

**३४. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन र राहत वितरणः** (१) गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयका साथै सम्बन्धित वन उपभोक्ता समूहले वन्यजन्तुबाट हुने जनधनको क्षति कम हुने कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ।

(२) वन्यजन्तुवाट कसैको धनजनको क्षति भएमा सो क्षति वापत पिडितलाई नेपाल सरकार र प्रदेश सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त गाउँपालिका र वन उपभोक्ता समूहले थप राहत प्रदान गर्न सक्नेछ।

(३) गाउँपालिकाले वन्यजन्तुबाट प्रभावित व्यक्ति तथा परिवारलाई राहत प्रदान गर्न र मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रमहरु संचालनका लगि एक कोषको स्थापना र संचालन गर्न सक्नेछ।

(४) मानव वन्यजन्तु द्वन्द्वबाट प्रभावित व्यक्तिहरुको जीउधनको सुरक्षाका लागि यस गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक सहयोग र सहजिकरण उपलब्ध गराउन सक्नेछ।

(५) वन्यजन्तुलाई वन क्षेत्रमा नै बसोवास गर्ने अवस्था सिर्जना गर्नका लागि सामुदायिक वन लगायतका जैविक मार्गमा पानी पोखरी निर्माण, जंगली फलफूलका विरुवा संरक्षण, घाँस क्षेत्रहरुको संरक्षण जस्ता कार्यहरु गर्नुपर्नेछ।

(६) नेपाल सरकारले कृषि तथा घरपालुवा जनावारका लागि हानिकारक बन्यजन्तु भनी घोषणा गरेका वन्यजन्तुहरु घर गोठ तथा खेतवारीमा आई जनधनको क्षति गर्ने अवस्था देखिएमा त्यस्ता वन्यजन्तुहरुलाई धपाउन पाइनेछ।

**३५. सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापनः** (१) गाउँपालिकाको वन क्षेत्रमा रहेका सिमसारको संरक्षण र सदुपयोग सामुदायिक वन उपभोक्ता समूहका माध्यमवाट गरिनेछ ।

(२) वन क्षेत्र भन्दा वाहिर रहेका सिमसारहरुको संरक्षण र सदुपयोगका लागि सिमसार उपभोक्ता समूह वा जल उपभोक्ता संस्था गठन गर्न सकिनेछ।

(३) सिमसार उपभोक्ता समूह गठन र दर्ता गर्दा सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता गर्दा अपनाईने प्रक्रिया अवलम्बन गर्न सकिनेछ।

(४) सिमसार व्यवस्थापन योजना तर्जुमाका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका सिमसार क्षेत्रका माछा लगायतका, जलचरहरुको संरक्षण र विक्री वितरण कार्यका लागि उपभोक्ता समूह आफैले नै आवश्यक व्यवस्था गर्न सक्नेछ।

**३६. सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले वनसम्वन्धी प्रचलित संघीय तथा प्रादेशिक कानून वमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो क्षेत्रभित्र पहिचान भएका सार्वजनिक जग्गामा करार सम्झौता बमोजिमका शर्तको आधारमा कुनै व्यक्ति, संघ संस्था वा सामुदायिक वन उपभोक्ता समूहको माध्यमवाट वनको विकास, संरक्षण र व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कामका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले उपभोक्ता समुहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा जराजुरी दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्नेछ।

(४) सडक र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रूखहरु र चौतारा वा यस्तै प्रकृतिका अन्य ठाउँमा लगाइएका रूखहरुले मानवीय जोखिम सिर्जना गर्ने भएमा वा अन्य कुनै कारणले काट्न वा हटाउन पर्ने भएमा गाउँपालिकाले सडक र वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून वमोजिमको प्रक्रिया पूरा गरी त्यस्ता रूखहरु काट्न वा हटाउन सक्नेछ।

(५) उपदफा (३) र (४) वमोजिमका काठ विक्री वितरणबाट प्राप्त रकम यस गाउँपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ।

**३७. शहरी वनको विकास र व्यवस्थापनः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा शहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने शहरी वनको विकासको लागि गाउँपालिका र प्रदेश सरकारको वनसम्वन्धी कार्यालयले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) वमोजिम स्थापना हुने शहरी वनको वन पैदावार गाउँपालिका सँगको समन्वयमा सम्बन्धित उपभोक्ता समुहले विभिन्न प्रयोजनका लागि प्रयोग गर्न सक्नेछ।

(४) शहरी वनको व्यवस्थापनवाट प्राप्त लाभको वाँडफाँडका वारेमा गाउँपालिका र उपभोक्ता समूहका वीचमा सम्झौता गरी सोहि बमोजिम लाभको बाँडफाँड गर्नुपर्नेछ।

**३८. उद्यान घोषणा गर्न सक्नेः** (१) यस गाउँपालिकाले सम्बन्धित वन उपभोक्ता समुहसंगको समन्वयमा वन क्षेत्रको कुनै उपयुक्त भागलाई वन उद्यान तथा प्राणी उद्यान घोषणा गरी वन उपभोक्ता समुह मार्फत उद्यान निर्माण र संचालन गर्न सक्नेछ।

(२) सामुदायिक वन क्षेत्रमा स्थापना र सञ्चालन गरिने वन उद्यान तथा प्राणी उद्यान सम्बन्धित उपभोक्ता समूह मार्फत सञ्चालन गर्नुपर्नेछ।

**३९. वातावरणीय सेवाको व्यवस्थापनः** (१) वन क्षेत्रवाट हुने कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरण बाहेकका जलस्रोत संरक्षण, जैविक विविधता संरक्षण र पर्यापर्यटनको विकास लगायतका वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने वन उपभोक्ता समूह लगायतका स्थानीय समुदायले आफ्नो वन व्यवस्थापन योजना वा विशेष

कार्ययोजनामा व्यवस्था गरी वातावरणीय सेवाको व्यवस्थापन र सदुपयोग गर्न सक्नेछन् ।

(२) वातावरणीय सेवाको व्यवस्थापन गरी उक्त सेवा विक्री गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदाय र वातावरणीय सेवा उपयोग गर्न चाहने पक्षका बीचमा सम्झौता गरी वातावरणीय सेवाको खरिद बिक्री गर्न सकिने छ ।

(३) वातावरणीय सेवाको आदान प्रदान तथा खरिद बिक्रीवाट प्राप्त लाभको वाँडफाँड र सदुपयोग सम्बन्धी विषयहरु वातावरणीय सेवाको व्यवस्थापन योजना र आपसी सम्झौतामा उल्लेख गरिए वमोजिम हुनेछ ।

४०. **जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन योजनाः** (१) गाउँपालिकामा जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका लागि स्थानीय स्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी उपभोक्ता समूह वा प्रभावित स्थानीय समुदायसंगको समन्वयमा उक्त योजनाहरुको कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपभोक्ता समूहले समुदायमा आधारित जलवायु अनुकूलन योजना तर्जुमा गर्न चाहेमा त्यस्ता योजना तर्जुमा र सोको कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ । यस कार्यका लागि प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले पनि सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) जलवायु परिवर्तन न्यूनीकरणका लागि गाउँपालिकामा जलवायुमैत्री संरचनाको निर्माण, यातायातका साधनहरुबाट हुने उत्सर्जन न्यूनीकरण र वन क्षेत्रको विकासका माध्यमवाट कार्बन उत्सर्जन न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(४) आगलागी लगायतका कार्यहरुबाट हुने वन विभाग तथा वन क्षयीकरण नियन्त्रण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्ने वन उपभोक्ता समूहलाई सो वापत प्राप्त हुने लाभ उपलब्ध गराउन वा पुरस्कृत गर्नका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

**४१. वन डढेलो नियन्त्रणः** (१) कुनै वनमा डढेलो लागेमा गाउँपालिका, प्रदेश सरकारको वन सम्बन्धी कार्यालय, सुरक्षा निकाय, सम्बन्धित वन उपभोक्ता समूह र निजी जग्गावालाहरु समेतको पहलमा वन डढेलो नियन्त्रण गर्नु पर्नेछ।

(२) गाउँपालिकाले वन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूह मार्फत सचेतना र क्षमता अभिवृद्धि तथा डढेलो नियन्त्रणको प्रविधि तथा सूचना संयन्त्र विकास गर्ने र समन्वयका लागि आवश्यक कार्यहरु गर्नु पर्नेछ।

(३) वन डढेलो नियन्त्रणमा खटिदा कुनै व्यक्तिलाई क्षति हुन गएमा सोको मूल्यांकन गरी गाउँपालिका र

सम्बन्धित उपभोक्ता समूहले राहत तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(४) वन डढेलोका कारण वा वन डढेलो नियन्त्रण गर्न जांदा कुनै व्यक्ति घाइते वा मृत्यु भएमा त्यस्ता व्यक्तिलाई बीमा रकम पाउने गरी गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरुको सहकार्यमा सामुहिक वीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ र यस कार्यमा सामुदायिक वन उपभोक्ता महासंघ, नेपालले समन्वय र सहजीकरण गर्न सक्नेछ।

(५) कसैले वन क्षेत्रमा आगो लगाएमा वा आगो लाग्न सक्छ भन्ने कुरा थाहा हुँदा हुँदै लापरवाही गरी वनमा आगो लगाएमा वनसम्वन्धी प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम कारवाही र दण्ड सजाय हुनेछ।

(६) वन डढेलो नियन्त्रण गर्न स्थानीय यातायातका साधन आवतजावत गर्न मिल्ने गरी सामुदायिक वन संग सहकार्य गरी गाउँपालिकाले वाटो निर्माण गरी वन क्षेत्रमा अग्निरेखा निर्माण कार्य गर्न सक्नेछ।

**४२. स्थानीय वातावरण संरक्षण योजनाहरूः** (१) गाउँपालिकाले वातावरण संरक्षण योजना तर्जुमा र कार्यान्वयन गर्दा सामुदायिक वन उपभोक्ता समूहसंग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(२) गाउँपालिकामा रहेको वन क्षेत्र, नदी, खोलानाला, सार्वजनिक जग्गा र अन्य प्राकृतिक तथा सांस्कृतिक सम्पदा रहेका क्षेत्रहरूमा फोहरमैला विसर्जन गर्न गराउन पाइने छैन । वन उपभोक्ता समूहहरुको सहभागीतामा सहकारी मार्फत प्रदूषण न्यूनीकरण फोहोरमैला व्यवस्थापन तथा जैविक मल उत्पादन कार्य गर्न सकिनेछ ।

(३) गाउँपालिकामा वातावरण संरक्षणका कार्यहरु गर्दा सामुदायिक वन संगको समन्वयमा गर्न सकिनेछ ।

**४३. वृक्षारोपण कार्यक्रम सञ्चालनः** (१) गाउँपालिकाले प्रत्येक वडामा उपभोक्ता समूह वा वन सहकारी संस्था वा वन उद्यमको माध्यमबाट कम्तिमा एउटा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरी सोको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिने नर्सरीमा रोजगारी प्रदान गर्दा सम्बन्धित क्षेत्रमा रहेका विपन्न परिवारलाई प्राथामिकता दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा वन उपभोक्ता समुहको माग अनुसारका रैथाने र पारिस्थितिक प्रणालीमैत्री व्यवसायीक फलफूल तथा जडीबुटीका विरुवा हरुको उत्पादन र बिक्री वितरण गर्न प्राथामिकता दिनुपर्नेछ ।

(४) वन उपभोक्ता समूह, किसान तथा निजी वनवालाहरुलाई निःशुल्क वा न्यूनतम शुल्कमा विरुवा उपलब्ध गराई वन क्षेत्र, नदी किनार, नदी उकास क्षेत्र, नहर किनार, सडक किनार, सार्वजनिक जग्गा, खाली जग्गा, पाखो जग्गा, वन विनास भएको क्षेत्र र निजी जग्गामा वृक्षारोपणका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट अनुदान उपलब्ध गराउन आवश्यक रकम विनियोजन गर्न सकिनेछ ।

(५) गाउँपालिका क्षेत्रमा फैलिएका मिचाहा प्रजाती नियन्त्रण गरी वा हटाई उक्त क्षेत्रमा वृक्षारोपण गर्न चाहने वन उपभोक्ता समूह वा निजी जग्गावालालाई गाउँपालिकाले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**४४. जडीबुटी खेति तथा गैरकाष्ट वन पैदावार प्रवर्द्धनः** (१) गाउँपालिका र प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले सामुदायिक वन लगायतका वन क्षेत्र र निजी जग्गामा सुगन्धित वनस्पति, औषधीजन्य जडीवुटी तथा अन्य जडीवुटी खेति र गैरकाष्ठ वन पैदावारको पहिचान र प्रवर्द्धनका लागि प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोगका लागि सहजिकरण र समन्वय गर्न सक्नेछ ।

(२) गाउँपालिकाको क्षेत्रमा उत्पादित जडीवुटी तथा गैरकाष्ठ वन पैदावारको भण्डारण, प्रशोधन र बजारीकरणका लागि आवश्यक पूर्वाधारको विकास गर्ने कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(३) गाउँपालिकाले सामुदायिक वनको सहकार्यमा जडीवुटी संकलन तथा विक्री वितरण गर्न सकिनेछ।

**४५. कृषि वनः** (१) गाउँपालिकामा रहेका सामुदायिक वनको लागत साझेदारीमा वन लगायतका वन क्षेत्र, सार्वजनिक जग्गा र निजी वन तथा निजी जग्गाहरुमा कृषि प्रणालीमा आधारित कृषि वन लगाउन चाहनेलाई गाउँपालिकाले प्राविधिक सहयोग उपलब्ध गराई प्रोत्साहन गराउन सक्नेछ ।

(२) सामुदायिक वनमा कृषि वन कार्यक्रम सञ्चालन गर्दा वन क्षेत्रको जैविक विविधता संरक्षण हुने गरी र एउटै विरूवाले लामो समय उत्पादन दिने प्रकृतिका वनजन्य तथा कृषिजन्य पैदावारहरू लगाउन प्राथमिकता दिनु पर्नेछ ।

(३) गरिबीको रेखामुनी रहेका परिवारलाई उपलब्ध गराइएको सामुदायिक वनको क्षेत्रमा कृषि वनका कार्यहरू गर्दा वर्षमा एक पटक मात्र खनजोत गर्नुपर्ने प्रकृतिका कृषिजन्य पैदावारहरू लगाउन सकिनेछ।

(४) जलवायु परिवर्तनसँगै हुने वनजन्य कृषि प्रणालीलाई प्रोत्साहन गरिदै लगिनेछ।

(५) वन समूहहरुले आफ्ना सदस्यहरुको आयआर्जनमा आधारित क्षमता विकासका जोड दिनेछ।

**४६. वनजन्य वीउको उत्पादनः** वन बीउको उत्पादन, विक्री वितरण र निर्यातका लागि यस गाउँपालिकामा पाइने वन पैदावारका बीउहरुको उत्पादन र बजारीकरणका लागि योजना तर्जुमा गरी वन उपभोक्ता समूह र निजी वनवालाहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन सकिने छ।

**४७. वन जंगलका खाद्यवस्तु र ट्युबरको राम्रो प्रयोगः** (१) गाउँपालिका भित्रका सामुदायिक वन लगायतका वन क्षेत्रमा वनको हैसियत नबिग्रने गरी वातावरण तथा जैविक विविधताको संरक्षण हुने गरी वन क्षेत्रबाट उपलब्ध हुनसक्ने वनजन्य खाद्य वस्तु तथा कन्दमूल संकलन र बिक्री वितरण गर्न सकिनेछ।

(२) गाउँपालिकामा विशेष पहिचान तथा महत्व भएका वनजन्य खाद्य वस्तु तथा कन्दमूलको दिगो संकलन, प्रयोग तथा बजारीकरणका लागि विपन्न परिवार र यस्ता वस्तुको बारेमा परम्परागत ज्ञान भएका परिवारलाई प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ।

**४८. चरन तथा खर्क व्यवस्थापनः** (१) यस गाउँपालिकामा रहेका सामुदायिक वनमा पशुहरुको चरीचरन व्यवस्थापनका लागि उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी चरीचरन व्यवस्थापन गर्न सकिनेछ।

(२) सामुदायिक वन वाहेकका अन्य वन क्षेत्र वा सार्वजनिक जग्गामा चरीचरन व्यवस्थापनका लागि यस गाउँपालिकाले गोठाला तथा पशुपालक परिवार वा समूहसँग परामर्श गरी चरीचरन गराउने क्रममा पालन गर्नुपर्ने नियमहरु बनाउन सक्नेछ।

(३) खर्क जग्गा उपयोग गरी चरीचरन र वन पैदावारको उपयोग गरेका स्थानीयको प्रथाजनित अभ्यासलाई सम्मान र संरक्षण गर्दै गाउँपालिका र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले सो जग्गाको दिगो व्यवस्थापनका लागि आवश्यक नियम बनाउन सक्नेछ।

**४९. वन सम्बन्धी प्रथाजनित अभ्यासको प्रवर्द्धनः** (१) गाउँपालिकाको क्षेत्रभित्र आदिवासी जनजाति तथा स्थानीय समुदायले परम्परादेखि अवलम्बन गर्दै आएका वनसम्बन्धी प्रथाजनित अभ्यासहरुको प्रवर्द्धनका लागि सामुदायिक वन र अन्य विभिन्न वन व्यवस्थापन प्रणालीको कार्ययोजनामा आवश्यक व्यवस्थाहरु समावेश गर्नु पर्नेछ।

(२) सामुदायिक वन तथा अन्य वन व्यवस्थापन प्रणालीका कार्ययोजनाहरुमा उल्लेखित वनसम्वन्धी प्रथाजनित अभ्यासको प्रवर्द्धनका लागि सम्वन्धित वन उपभोक्ता समूह र गाउँपालिकाले आवश्यक स्रोत साधान र सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) सामुदायिक वन बाहेकका क्षेत्रहरुमा कुनै प्रथाजनित संस्थाले वन संरक्षण तथा सदुपयोग गर्दै चरन तथा खर्क व्यवस्थापन गर्दै आएको भएमा उक्त वन क्षेत्र सोही प्रथाजनित संस्थाले व्यवस्थापन गर्न सक्नेछ।

**५०. वन सम्बन्धी परम्परागत ज्ञानको संरक्षण र प्रवर्द्धनः** (१) गाउँपालिकामा वन व्यवस्थापन गर्दा वन स्रोतमाथिको आदिवासी जनजाति र स्थानीय समुदाय, दलित र महिलाको अधिकार संरक्षण गर्नुपर्नेछ।

(२) वनसम्बन्धी कुनैपनि कार्यहरु गर्दा र वन स्रोत परिचालन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको रैथाने तथा परम्परागत ज्ञानको पूर्ण रुपमा सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्नेछ।

(३) वन व्यवस्थापन गर्दा र वन स्रोत परिचालन गर्दा वनमा आश्रित जीविकोपार्जनको अधिकारवाट कसैलाई पनि वञ्चित गर्न पाइने छैन।

(४) गाउँपालिकामा रहेका आदिवासी जनजाति र स्थानीय समुदाय वन तथा जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण तथा सदुपयोगसँग सम्बन्धित परम्परागत ज्ञानको संरक्षण र प्रवर्द्धनका लागि गाउँपालिकाले आवश्यक सहयोग गर्न सक्नेछ।

## अनुच्छेद -७
## निजी वनसम्बन्धी व्यवस्था

**५१. निजी वन दर्ताको व्यवस्थाः** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले वनको चार किल्ला सहितको क्षेत्रफल, हालको अवस्था र कार्ययोजना सहित निजी वन दर्ताको लागि सम्बन्धित वडाको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक समन्वय गरी गाउँपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र प्रदान गर्नेछ।

(३) उपदफा (२) वमोजिम निजी वन दर्ता भएको जानकारी गाउँपालिकाले प्रदेश सरकारको वन सम्बन्धी कार्यालयलाई गराउनेछ।

**५२. निजी वनको व्यवस्थापन र वन पैदावार परिचालनः** (१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा निजी वनको वन पैदावारको उपयोग गर्न वा स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न समेत सक्नेछ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गाउँपालिकाको क्षेत्रभित्र गर्नु परेमा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि निजी वनको वन पैदावार व्यावसायिक प्रयोजनको लागि गाउँपालिकाको क्षेत्रवाट अन्य कुनै स्थानीय तहको क्षेत्रमा वन पैदावारको बिक्री वितरण र ओसारपसार गर्नु परेमा गाउँपालिका तथा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(५) घरायसी प्रयोजनको लागि गाउँपालिकाको क्षेत्रवाट यो गाउँपालिका रहेको जिल्ला भित्रको कुनै स्थानीय तहमा वन पैदावार बिक्री वितरण तथा ओसारपसार गर्नु परेमा गाउँपालिकाबाट संकलन तथा ओसारपसार गर्न स्वीकृती लिनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो गाउँपालिका रहेको जिल्लाबाट कुनै अर्को जिल्लामा वन पैदावार बिक्री वितरण तथा ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनुपर्नेछ।

(७) निजी वनको धनीलाई निजी वन विकास, कृषि वन तथा जडीवुटी खेती एवं गैरकाष्ठ वन पैदावार प्रवर्द्धनका लागि गाउँपालिकाबाट स्वीकृत कार्यक्रम तथा योजना अनुसारका सहयोग, अनुदान तथा सुविधाहरू उपलब्ध गराउन सकिनेछ।

**५३. निजी वनमा वन्यजन्तु पालनः** (१) कुनै निजी वन धनीले गाउँपालिकाको सिफारिसमा वन तथा वन्यजन्तु सम्बन्धी प्रचलित संघीय तथा प्रादेशिक कानून र मापदण्डको अधीनमा रही आफ्नो निजी वनमा संरक्षित वन्यजन्तु वाहेकका वन्यजन्तु तथा पन्छी समेत पालन गर्न सक्नेछ।

(२) कुनै निजी वनवालाले उपदफा (१) वमोजिमका कार्यहरू गरेको भएमा सोको जानकारी गाउँपालिकामा गराउनु पर्नेछ र उक्त वन्यजन्तु तथा पन्छीमा कुनै रोग देखापरेमा तत्काल प्रदेश सरकारको वनसम्बन्धी कार्यालय, पशु विकास कार्यालय र अन्य सम्बन्धित निकायको सहयोगमा रोकथाम तथा नियन्त्रण गर्नुपर्नेछ।

(३) निजी वनबाट समुदायमा कुनै किसिमको असर देखाएमा कार्यपालिकाबाट मापदण्ड बनाई लागू गर्न सकिने छ।

## अनुच्छेद -८
## वन सम्वन्धी कानूनी व्यवस्था

**५४. वनसम्बन्धी कसुरको जाँचबुझ सम्वन्धी कार्यविधिः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी कसुरको जाँचबुझ गर्न संघ तथा प्रदेश कानून संग नबाझिने गरी आवश्यक कार्यविधि बनाउन सक्ने छ।

**५५. दण्ड र सजाँयः** गाउँपालिकाको क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरण सम्बन्धी कसुरमा वन, वन्यजन्तु तथा वातावरण सम्वन्धी प्रचलित संघीय कानून वमोजिम दण्ड सजाय हुनेछ।

## अनुच्छेद- ९
## वन सम्वन्धी संस्थागत व्यवस्था

**५६. नेपाल सरकार र प्रदेश सरकारको भूमिकाः** यो ऐन कार्यान्वयनका लागि नेपाल सरकार र प्रदेश सरकारले आवश्यक स्रोत र साधन उपलब्ध गराउन सक्नेछ।

**५७. वन तथा वातावरण विषयगत समिति:** वन क्षेत्रका विषयमा समन्वय, अनुगमन तथा मूल्यांकन र अन अन्य आवश्यक कार्यहरू गर्नका लागि गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको सहजिकरणमा गर्न सक्नेछ।

**५८. वन तथा वातावरण शाखाले वन सम्बन्धी कार्य गर्न सक्नेः** (१) गाउँपालिकामा रहने वन तथा वातावरण सम्बन्धी कार्य गर्ने शाखाले वन सम्बन्धी विषयमा काम गर्नको लागि आवश्यक मानव स्रोतको व्यवस्था गरी वनका विषयमा आवश्यक सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) वन तथा वातावरण सम्बन्धी कार्य गर्ने शाखाले वन सम्बन्धी कार्य सञ्चालन गर्दा गाउँपालिकामा रहेको विषयगत समितिसँग सहकार्य र समन्वय गर्नुपर्नेछ।

**५९. वन सम्बन्धी कार्यक्रम संचालन गर्न सक्नेः** (१) गाउँपालिकाले वन, वन्यजन्तु, जैविक विविधता र वातावरण सम्बन्धी कार्यहरु गर्नको लागि उपभोक्ता समूह, सरोकारवाला संघ संस्था तथा नागरिक समाज र निजी क्षेत्रसंग समेत समन्वय, परामर्श र सहकार्य गरी गाउँपालिकाको वार्षिक तथा आवधिक योजनामा समावेश गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले आफ्नो वन योजना कार्यान्वनका क्रममा वन उपभोक्ता समूहको क्षमता विकास, सामुदायिक बनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जन, वन उद्यम तथा पर्यापर्यटन विकास लगायतका कार्यहरुको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने गरी बजेट विनियोजन गर्न सक्नेछ ।

## अनुच्छेद -१०
## विविध

**६०. वन क्षेत्रमा प्रवेश नियमनः** (१) वन संरक्षणको दृष्टिकोणले आवश्यक देखिएमा सम्वन्धित वन उपभोक्ता समूहले आफ्नो सबै वन क्षेत्र वा केही निश्चित वन क्षेत्रमा केही समयका लागि सम्बन्धित कार्यालय तथा गाउँपालिकासंग समन्वय र परामर्श गरी प्रवेश नियन्त्रण तथा निषेध गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम वन क्षेत्रमा प्रवेश निषेध गर्दा परम्परागत रुपमा प्रयोग गर्दै आएको बाटो, पानी (खानेपानी, सिचांई, पानीघट्ट) र धार्मि धार्मिक तथा सांस्कृतिक क्षेत्रको नियमित उपयोगमा प्रतिबन्ध लगाउन पाइने छैन ।

**६१. सामाजिक प्रयोजनको लागि वन पैदावारको आपूर्तिः** गाउँपालिकाको क्षेत्रभित्र धार्मिक तथा सांस्कृतिक कार्य, विपद् व्यवस्थापन, दाह संस्कार, विपन्न वर्गको घरगोठ निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परेमा

गाउँपालिकाले सम्बन्धित वन उपभोक्ता समूह वा निजी वनवालालाई न्यूनतम शुल्क लिई यी प्रयोजनका लागि काठ दाउरा आपूर्ति गर्नका लागि समन्वय गर्न सक्नेछ।

**६२. बेबारिस वा दरियावर्दी काठबाट प्राप्त लाभको बाँडफाँडः** प्रदेश सरकारले वनसम्बन्धी प्रचलित कानून वमोजिम यस गाउँपालिकाको क्षेत्रवाट संकलित वेवारिसे वा दरियावद काठबाट प्राप्त रकमको २५ प्रतिशत रकम यस गाउँपालिकाको सञ्चितं कोपमा जम्मा गर्नु पर्नेछ।

**६३. अन्तरस्थानीय तहमा फैलिएको वन व्यवस्थापनः** गाउँपालिका र छिमेकी स्थानीय तह वीच फैलिएको वनको दिगो व्यवस्थापनका लागि अन्तरस्थानीय तह वन समन्वय समिति गठन गरी त्यस्ता वनहरुको माध्यमवाट दिगो संरक्षण र व्यवस्थापनका लागि सहजीकरण गरिनेछ।

**६४. वन सम्बन्धी अध्ययन, अनुसन्धान र अभिलेखः** गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको वन पैदावार तथा जैविक विविधता र वन्यजन्तु तथा यी विषयमा अध्यन अनुसन्धान गरी सो को अभिलेख तयार गरी राख्नुपर्ने छ।

**६५. पुरस्कारको व्यवस्था:** वन संरक्षण व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने सामुदायिक वन,व्यक्ति , संघसंस्था,समुदायलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गर्न सकिनेछ।

**६६. अधिकार प्रत्यायोजनः** गाउँपालिकाको कार्यालयले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार कुनै विषयगत समिति वा गाउँपालिका अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ।

**६७. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेः** ऐनमा गरिएका व्यवस्थाहरूको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ।

**६८. बचाउ तथा खारेजीः** यो ऐन वा यस ऐनमा उल्लेखित व्यवस्थाहरू संघीय तथा प्रदेश कानूनका व्यवस्थाहरूसँग बाझिएको पाईएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरू स्वतः निष्कृय हुनेछन्।

आज्ञाले
जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत